निर्णय नं. १

मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय प्रदेश नं. १ को मिति २०७८/१०/१३ गतको गोरखा पत्र दैनिकमा नव प्रवर्तन साझेदारी कोष अन्तर्गत कार्यक्रम सञ्चालन गर्न कार्यक्रमको अवधारण पत्र पेश गर्ने सूचना प्रकाशन भए अनुसार गरीब घरधुरी सर्भेक्षणमा अति गरीबिको रेखामुनी रहेका परिवारको आर्थिक स्थिति सुधार गरी गरिबीको सूचकबाट हटाउन सहयोग पुऱ्याउने उद्देश्यका साथ रु. २ करोड लागतमा दोहोरो लगानी तेब्बर आम्दानी परियोजना सञ्चालन गर्न कार्यक्रमको अवधारण पत्र मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रममा पेश गर्ने निर्णय गरियो ।

निर्णय नं. २

मूख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय अन्तर्गत सञ्चालित प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम तर्फ नव प्रबर्तन साझेदारी कोष मार्फत आ.ब. २०७९/०८० सम्ममा सम्पन्न हुने गरी नगरक्षेत्रका अति गरिव परिवारको आर्थिक स्थिति सुधार गरी गरिवीको सूचकबाट हटाउन सहयोग पुऱ्याउने उद्देश्यका साथ कूल रु. २ करोड लागतमा सञ्चालन हुने दोहोरो लगानी तेब्बर आम्दानी परियोजनामा नगरपालिकाको तर्फबाट रु. ६० लाख (३०%)लागत सहभागिता गर्ने निर्णय गरियो ।

निर्णय नं. ३

कार्यक्रमको तर्जुमा र कार्यान्वयनको सहजीकरणको निमित्त निम्नानुसार नवप्रबर्तन साझेदारी कोष कार्यक्रम कार्यान्वयन समिति गठन गर्ने निर्णय गरियो ।

१. संयोजक, प्रमुख श्री चिन्तन तामाङ

२. सदस्य, उपप्रमुख श्री शकुन्तला बस्नेत

३. सदस्य, वडाध्यक्ष श्री जङ्ग बहादुर राई

४. सदस्य, प्रमुख प्रशासकीय अधिकृत श्री राम बहादुर थापा

५. सदस्य सचिव, प्रशासन,योजना तथा अनुगमन शाखा प्रमुख श्री सीताराम गौतम

निर्णय नं. ४

अति गरीविको रेखामुनी रहेका परिवारको आर्थिक स्थिति सुधार गरी गरिवीको सूचकबाट हटाउन सहयोग पुऱ्याउने उद्देश्यका साथ दोहोरो लगानी तेब्बर आम्दानीको आर्थिक विकास परियोजना कार्यान्वयन गर्न निम्नानुसारको कार्यक्रम कार्यान्यवयन समिति गठन गर्ने निर्णय गरियो ।

निम्न

| | | |
|---|---|---|
| संयोजक | श्री राम वहादुर थापा | -प्रमुख प्रशासकीय अधिकृत |
| सदस्य | श्री नर वहादुर भूजेल | - लेखा अधिकृत |
| सदस्य | श्री नुषराज श्रेष्ठ | - सामाजिक विकास अधिकृत |
| सदस्य | श्री विकाराम राई | - योजना अधिकृत |
| सदस्य | श्री भक्तमान राई | - कृषि विकास अधिकृत |
| सदस्य | श्री थोपा निरौला | -सूचना प्रविधि अधिकृत |
| सदस्य सचिव | श्री विकास अधिकृत | - आर्थिक विकास अधिकृत |

निर्णय नं. ५

स्थानीय तह वित्तीय सुशासन जोखिम मूल्यांकन कार्यविधि २०७७ अनुसार धनकुटा नगरपालिकाको वित्तीय सुशासन मूल्यांकनको लागि प्रदेश प्रशिक्षण केन्द्रवाट मिति २०७८/१०/३ र ४ गते अभिमुखिकरण सम्पन्न भई नमुना अभ्यास मात्र भएको र सुचक गत अध्ययन गरी वेव पोर्टलमा प्रविष्ट गर्ने कार्य निकट भविष्यमा सम्पन्न गर्ने व्यहोरा अनुरोध गर्ने निर्णय गरियो ।